# गाउँ आगो प्रतिरोधक समिति

१) गाउँ आगो प्रतिरोधक समितिले प्रयोग गर्ने सामग्री र यस्को मर्मत संभार प्रति जिण्म्मेवारी लिँदै आगो नियन्त्रण काममा सक्रिय भूमिका निभाउनु पर्नेछ ।

२) यस समितिमा निम्न पदाधिकारीहरूले निम्न भूमिका निभाउनेछन्:

| पद | जिम्मेवारी |
|---|---|
| क) आगो नियन्त्रण प्रमुख | आगो नियन्त्रण कार्यमा नेतृत्व गर्नुका साथै बैठक संचालन र त्यसको अभिलेख राख्ने |
| ख) निरिक्षक | आगो नियन्त्रण गर्ने सामग्री र त्यसको अभिलेखको रेखदेख गर्नुपर्नेछ । |
| ग) एकाउन्टेन्ट | हिसाब किताब र खातासम्बनिध जिम्मेवारी लिनुपर्नेछ । |

३) त्यसैगरी गाउँलेहरूले माथि उल्लेखित पदाधिकारीहरूलाई सहयोग गर्न आवश्यक सदस्यहरू चुन्न सक्नेछन् । साथै आवश्यक सहयोगीहरू र स्वयंसेविकाहरू परिचालन गर्न सक्नेछन् ।

४) सम्पूर्ण गाउँलेहरूले यस आगो प्रतिरोधक समितिले निर्णय गरेको कार्यक्रमहरूलाई आर्थिक तथा भौतिक रुपमा सहयोग गर्नुपर्नेछ ।

५) आगो प्रतिरोधक समितिले निम्न कामहरू गर्नेछन् ।

(क) गाउँमा आकस्मिक रुपमा लागेको आगोलाई नियन्त्रण गर्नुका साथै आगो नियन्त्रण गर्न जुनसुकै अवस्थामा नेतृत्व गर्नेछ ।

(ख) आगो निभाउने सामग्रीहरू सबै सदस्यहरू तथा स्वयंसेविकाहरूको पहुँच पुग्ने कोठामा ताल्चा नलगाई राखिनेछ ।

(ग) यस समितिले आवश्यक सामग्रीहरू जस्तैः बाल्टिन, कम्बल र अन्य सामग्रीहरूको व्यवस्था गर्नेछ ।

(घ) यस समितिले गाउँमा भएको र गाउँ वरपरका सम्पूर्ण पानीको स्रोतहरूको बारेमा जानकारी संकलन गरी त्यसलाई लिखित रुपमा धेरै प्रतिहरू बनाई आगो नियन्त्रण सामग्री राखेको ठाउँमा राखिनेछ ।

६) <u>अग्नि नियन्त्रण प्रमुखले गर्नुपर्ने कार्यहरूः</u>

(क) नियमित रुपमा र कम्तिमा वर्षको एकपटक बैठक राख्नुपर्नेछ । जहाँ सम्पूर्ण उपलब्ध सामग्रीहरूको अवस्थाको बारेमा जाँचचेक गर्नुका साथै पूर्वतयारीको लागि परिक्षण गर्नुपर्नेछ ।

(ख) आगो नियन्त्रण सम्बन्धी छलफल गर्न तथा समिति हेरेफेर गर्न आवश्यक परेमा बैठक बोलाउने ।

(ग) बैठकमा भएको छलफल र निर्णयहरूको अभिलेख राख्ने ।

७) <u>निरिक्षकले गर्नुपर्ने कार्यहरू:</u>

(क) सदस्यहरूको नामावलीको सुची तयार गर्ने

(ख) स्वयंसेवकहरूको सुची तयार गर्ने

(ग) सामग्रीहरूको नाम र सुची तयार गर्ने

(घ) पहलहरू - तालिमहरू संचालन गर्ने
- सामग्रीहरूको मर्मत संभार गर्ने
- अभ्यास गर्ने
- सक्रिय भइरहने

८) <u>अकाउन्टेन्टको कार्यहरू:</u>

(क) दैनिक आर्थिक कारोबारको हिसाब किताब राख्ने

९) <u>सदस्यहरूको काम कर्तव्यहरू:</u>

(क) सम्पूर्ण सदस्यहरूले आगो निभाउने सामग्रीहरूको बारेमा पूर्ण जानकारी राख्ने ।

(ख) संकटकालिन अवस्थामा आगो प्रतिरोध गर्न चाहिने अन्य जानकारीहरूको खोजी गर्ने र आगो नियन्त्रण गर्न अन्य उपायहरूको समेत खोजी गरी आगोलाई जुनसुकै संकटकालिन अवस्थामा नियन्त्रण गर्न पूर्वतयारी भइरहने ।

१०) <u>हिमालयन प्रोजेक्टको सहयोग</u>

(क) आगो प्रतिरोधक ज्याकेट उपलब्ध गराउनेछ ।

(ख) आगो प्रतिरोधक समिति स्थापित भएपछी आवश्यक थप हाते पम्पहरू उपलब्ध गराउनेछन् ।

(ग) अन्य थप जानकारी र सामग्रीहरू सक्रिय आगो प्रतिरोधक समितिलाई उपलब्ध गराउनेछ ।

(घ) सक्रिय आगो प्रतिरोधक समितिले थप सहयोगको लागि हिमालयन प्रोजेक्टलाई प्रस्ताव राख्न सकनेछन् ।